# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, साउन २९ गते, २०७७ साल (अतिरिक्ताङ्क ११

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको ऐन नं. ९

**<u>प्रदेश नं ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन</u>**

**प्रस्तावनाः** प्रदेश नं ५ प्रदेश सभाका पदाधिकारीको सुविधा सम्बन्धी ऐनमा संशोधन गर्न वाञ्छनिय भएकोले,

प्रदेश नं ५ को प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (दोश्रो संशोधन) ऐन, २०७७" हुनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश नं. ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐनको दफा १० मा संशोधनः** प्रदेश नं. ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छ।

"**१०. बीमा सुविधाः** (१) पदाधिकारी र सदस्यलाई पदमा बहाल रहेकै अवस्थामा मृत्यु भएमा दश लाख रुपैंया बराबरको बीमा सुविधा दिइनेछ।

(२) उपदफा (१) बमोजिम त्यस्तो सुविधा वापतको रकम प्रदेश सरकारले मृत्यु हुने पदाधिकारी वा सदस्यको हकवालालाई उपलब्ध गराउनेछ।"

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय